# गौमुल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# घट्मुना, बाजुरा

**गौमुल गाउँ कार्यपालिकाको मिति : २०७४ भाद्र ११ गते वसेको तेश्रो बैठकका निर्णयहरु**

***निर्णय नं.१ :*** गौमुल गाउँ कार्यपालिकाको मिति : २०७४ भाद्र ११ गते वसेको तेश्रो बैठकमा गाउँपालिकाको चालु आ.व.२०७४।०७५ को नीति तथा कार्यक्रम चालुतर्फ २ करोड २९ लाख ५ हजार ४ सय, सामाजिक सुरक्षा तर्फ १ करोड १३ लाख २५ हजार ६ सय, पूजिगत सम्पत्ति ६६ लाख, भौतिक पूर्वाधार क्षेत्र ५ करोड २० लाख, आर्थिक विकास क्षेत्र १ करोड ७९ लाख, सामाजिक विकास क्षेत्र १ करोड २ लाख ४० हजार ५ सय २०, वातावरण तथा विपद् जोखिम न्यूनीकरण व्यवस्थापन क्षेत्र २० लाख, संस्थागत विकास तथा सेवा प्रबाह क्षेत्र १५ लाख, वित्तीय व्यवस्थापन तथा सुशासन क्षेत्र ९ लाख, कन्टिनजेन्सी ४५ लाख ८१ ह्जार ८०, सशर्त अनुदान तर्फ ५ करोड ८२ लाख ७ हजार र आन्तरीक आम्दानी तर्फ २ लाख ९ हजार ५ सय गरी कुल जम्मा १८ करोड ३४ लाख ८९ हजार १ सयको वार्षिक बजेट माथि छलफल गरि सर्वसम्मत पारित गरियो ।

***निर्णय नं.२ :*** मिति २०७४ भाद्र ११ गते गाउँ कार्यपालिकाको तेश्रो बैठकबाट पारित नीति तथा कार्यक्रम र बजेट अनुमोदनका लागि मिति २०७४ भाद्र १२ गते सञ्चालन हुने प्रथम गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

***निर्णण नं. ३ :*** यस गौमुल गाउँपालिकामा शान्ती सुरक्षा कायम गर्न सुरक्षा निकायको आवश्यकता परेको र हाल सम्म यस क्षेत्रमा कुनै पनि सुरक्षा निकाय क्याम्प नरहेकाले अविलम्ब प्रहरी चौकी स्थापनाका लागि जिल्ला प्रशासन कार्यालय बाजुरा मार्फत नेपाल सरकार समक्ष माग गर्ने भन्ने निर्णय गरियो ।

***निर्णण नं. ४ :*** यस गौमुल गाउँपालिकामा फलाम खानी,तामा खानी र सुन्दर पत्थरहरुको अति सम्भावना रहेको र हालसम्म पनि कुनै खोज अनुसन्धान नहुन सकेको ले यस क्षेत्रको खोज अनुसन्धान तथा परिक्षणका लागि उद्योग मन्त्रालय र खानी तथा भु-गर्व विभागमा अनुरोध गरि कार्यान्वयमा जाने निर्णय गरियो ।

***निर्णण नं. ५ :*** यस गौमुल गाउँपालिकामा विभिन्न क्षेत्रका स्थानीय कानुन निर्माणका लागि एक पाँच सदस्यीय स्थानीय कानुन मस्यौदा समिति निम्न बमोजिम गठन गरियो र अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

१) संयोजक उपाध्यक्ष श्री सीता थापा

२) सदस्य श्री बीरेन्द्र बहादुर रोकाया

३) सदस्य श्री प्रकाश बहादुर रोकाया

४) सदस्य श्री कलक बहादुर सिंह

५) सदस्य श्री डम्बर बहादुर थापा

निर्णय नं.७ : गाउँपालिकाको विभिन्न नीति, योजना र कार्यविधी निर्माणका लागि कुनै परामर्शदाताको सहयोग लिनुपरेमा ५ लाखसम्मको बजेटलाई सोझै निम्नतम गाउँपालिकाले सम्बन्धित फर्मसँग सिधै सम्झौता गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.८: गाउँपालिकाको कार्यालयमा नेपाल सरकारबाट तोकिएका दरबन्दी अनुसार हाल सम्म कुनै पनि प्राविधिक उपलव्ध नभएका र विकास कार्यलाई अगाडी बढाउन ढिलाई हुने हुनाले गाउँपालिकालाई प्राप्त हुने कन्टीजेन्सी बाट व्यहोर्ने गरि एक जना सब ओभरसियर तहको प्राविधिक करार सेवामा राख्ने सेवा शर्त नेपाल सरकारको नियमानुसार पाउने गरि निर्णय गरियो ।

निर्णय नं.९: गाउँपालिकाको केन्द्र र वडा कार्यालयका भौतिक संरचना निर्माण गर्न आवश्यक पर्ने जग्गा जमिन को लागि यस गाउँपालिका भित्र स्थानीय कानुन नबनुन्जेल सरकारी जग्गा,प्रतिबाझो जग्गा,सरकारी दर्तावाला प्रयोगमा नआएको जग्गा तथा गुठीको जग्गा लाई लिन र प्रयोग गर्न सक्ने तर स्थानीय कानुन निर्माण भैसकेपछि सोही कानुन बमोजिम हुनेगरी हाललाई गाउँकार्यपालिकाले कार्य गर्न निर्णय स्वीकृती तथा अनुमतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१० : गाउँपालिकामा विगत लामो समय काम गर्दै आएका करार कर्मचारीहरुको कार्यदक्षता तथा कार्य सम्पादन मुल्याङ्कनका आधारमा म्याद थप गर्ने र प्रचलित नियमानुसार सेवा सुविधा दिने निर्णय गरियो ।

निर्णय नं.११ : यस आर्थिक बर्षका लागि गाउँकार्यपालिकाले तय गरेको नारा “आत्मनिर्भर जनता गौमुल समृद्धीको आधार : शिक्षा र स्वास्थ्यमा सुधार,जडिबुट्टी,पर्यटन प्रवर्द्धन र कृषीजन्य व्यापार” लाई यो आर्थिक बर्षमा प्रत्येक चिट्ठीपत्र,परिचय पत्र,व्यानर देखि सबै वडा र गाउँपालिकाले प्रयोग गर्ने क्षेत्रमा प्रयोगमा ल्याउने निर्णय गरियो ।